परवानीपुर गाउँपालिका

स्थानीय राजपत्र

खण्डः७ संख्याः५ मितिः-२०८०।०१।१५ गते

भाग-२

परवानीपुर गाउँपालिका

परवानीपुर गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८०

गाउँकार्यापालिका स्वीकृत मितिः-२०८०/०१/१४ गते

परवानीपुर गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८०

परवानीपुर गाउँपालिका क्षेत्र भित्रका आपतकालिन अवस्थाका विरामी र घाइतेहरुलाई जोखिम न्यूनीकरण गरी स्वस्थ समाज निर्माण गर्दै नागरिकले न्युनतम स्वास्थ्य उपचार गर्न पाउने नैसर्गिक अधिकारको सुनिश्चित गर्न परवानीपुर गाउँपालिकाले एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८० जारी गरेको छ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- यस कार्यविधिको नाम एम्बुलेन्स सेवा सचालन कार्यविधि, २०८० रहेको छ।

२. यो कार्यविधि परवानीपुर गाउँ कार्यपालिकाले स्वीकृत गरेको दिन देखि लागु हुनेछ।

३. परिभाषाः- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यसमिति" भन्नाले एम्बुलेन्स सेवा सचालन समितिलाई सघाउन बनेको कार्य समिति सम्झनु पर्दछ।

ख. "चालक" भन्नाले एम्बुलेन्स चलाउन नियूक्त / करार गरिरहेको व्यक्ति सम्झनु पर्दछ।

ग. "निर्देशिका" भन्नाले सघिय सरकारको एम्बुलेन्स सेवा सचालन निर्देशिका २०७४ लाई सम्झनु पर्दछ।

घ. "सचालक समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित एम्बुलेन्स सेवा सचालन समितिलाई सम्झनु पर्दछ।

ङ. "शुल्क "भन्नाले दफा ८ बमोजिम एम्बुलेन्स सेवा प्रदान गरे वापत विरामी वा निजको परिवार र आफन्तजनबाट लिईने रकम सम्झनु पर्दछ।

परिच्छेद २

एम्बुलेन्स सेवा संचालक समिति

४. सचालक समितिः- परवानीपुर गाउँपालिकाद्धारा प्रदान गरिने एम्बुलेन्स सेवालाई भरपर्दो, सर्वसुलभ र जनमैत्री बनाउन देहाय बमोजिमको एम्बुलेन्स संचालन समिति रहनेछ।

क. परवानीपुर गाउँपालिकाको अध्यक्ष	- संयोजक
ख. परवानीपुर गाउँपालिकाको उपाध्यक्ष	- सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृत	- सदस्य
घ. सामाजिक विकास समितिको सयोजक	- सदस्य
ङ. स्वास्थ्य शाखा प्रमुख	- सदस्य

➢ **वडा बाट एम्बुलेन्स संचालन गर्नु पर्ने भए सम्बन्धित वडा समिति नै एम्बुलेन्स संचालन समिति रहने छ ।**

५. सचालक समितिलाई आपतकालीन तथा आकस्मिक निर्णय दिन देहाय बमोजिमको कार्य समिति रहनेछ।

क. परवानीपुर गाउँपालिका अध्यक्ष	- संयोजक
ख. प्रमुख प्रशासकीय अधिकृत	- सदस्य
ग. स्वास्थ्य शाखा प्रमुख	- सदस्य

➢ **वडाको हकमा सम्बन्धित वडाको तपसिल बमोजिमको समिति रहने छ ।**

क. वडा अध्यक्ष	- संयोजक
ख. स्वास्थ्य चौकि प्रमुख	- सदस्य
ग. वडा सचिव	- सदस्य

६. दफा (४) बमोजिम समितिको बैठक गर्दा नेपाल रेडक्रस सोसाईटीको प्रतिनिधीलाई आमन्त्रण गर्न सकिनेछ।

७. दफा (४) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। कार्यसमितिले गरेका निर्णयहरु दफा ४ बमोजिमको समितिबाट अनुमोदन गर्नुपर्ने छ।

परिच्छेद ३
सेवा शुल्क

८. **अनिवार्य सेवा शुल्क तिर्नुपर्नेः-** एम्बुलेन्स सेवा लिन चाहेको हरेक व्यक्तिले अनिवार्य रुपमा सेवा शूल्क तिर्नु पर्नेछ। तोकिएको सेवा शुल्क तिर्न आनाकानी गर्ने सेवाग्राहीलाई सेवा प्रदायकले सेवा प्रदान गर्न बाध्य हुने छैन। तर गाउँपालिका भरिका ७० बर्ष भन्दा माथी उमेरका विरामीहरु र कार्यालय समयभित्र सामुदायिक विधालयका शिक्षक, शिक्षिका, सामुदायिक विधालयका बालबालिका, सार्वजनिक कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिलाई अन्य सवारीमा लैजान अवस्था नभएमा वा गम्भिर अवस्था भएमा मात्र र पालिकाको भुभाग भरिमा सवारी दुर्घटना तथा अन्य दुर्घटनाकोलाई एम्बुलेन्स सेवा सरकारी तथा सामुदायिक अस्पतालको लैजानको लागी मात्र निशुल्क एम्बुलेन्स उपल्बध गराईनेछ । तथा अतिविपन्न, गरिब, असाहायलाई सञ्चालक समितिको निर्णयले पुर्ण वा आंशिक रुपमा छुट प्रदान गर्न सक्नेछ। यसरी छुट प्रदान गर्दा निजले छुट पाउनु पर्ने आधार र औचित्यता स्पष्ट खुलाउनु पर्नेछ। साथै सुत्केरीको हकमा परवानीपुर गाउँपालिकामा सञ्चालन भएका प्रसुती गृहमा वा नजिकको आमा मातृन्व शिशु कार्यक्रम लागु भएको अस्पतालमा सुत्केरी गराउनका लागि प्रयोगमा भएको एम्वुलेन्स सेवाको सेवा शुल्क लाग्ने छैन।

१. परवानीपुर गाउँपालिका बाट विरामीले जानचाहेको स्थानमा एम्बुलेन्सबाट विरामी ओसार पसार गरे वापत देहाय बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ।

क. परवानीपुर गाउँपालिका क्षेत्र भित्रमा कुनै एक स्थानबाट अर्को स्थान सम्म रु. ५००।-
ख. परवानीपुर वडा नं १ देखि विरगंज सम्म रु. ७००।— र कलैया सम्म रु १०००।-
ग. परवानीपुर वडा नं २ देखि विरगंज सम्म रु. ७००।- र कलैया सम्म रु १०००।-
घ. परवानीपुर वडा नं ३ देखि विरगंज सम्म रु. ७००।- र कलैया सम्म रु १०००।-
ङ. परवानीपुर वडा नं ४ देखि विरगंज सम्म रु. ७००।- र कलैया सम्म रु १०००।-
च. परवानीपुर वडा नं ५ देखि विरगंज सम्म रु. ७००।- र कलैया सम्म रु १०००।-
छ. परवानीपुर देखि काठमाडौ सम्म रु.१०,०००।—
ज. परवानीपुर देखि भरतपुर नारायणघाट सम्म रु. ७०००।—
झ. परवानीपुर देखि हेटौडा सम्म रु. ५०००।-

२. यस गाउँपालिका भन्दा बाहिरको व्यक्तिको हकमा माथि तोकिएको शुल्कको थप २० प्रतिशत रकम सेवा शुल्क लाग्नेछ।

३. माथि तोकिएको भन्दा वाहेकका स्थानमा सेवा दिनु परेमा सो को शुल्क निर्धारण कार्य समितिले गर्नेछ ।

९. अन्य भाडामा प्रयोग गर्न नपाइनेः- एम्बुलेन्सलाई विरामीको ओसार पसार वाहेक अन्य काममा प्रयोग गर्न पाईने छैन। यदी त्यस्तो कार्य गरे गराएको पाइएमा त्यस्तो कार्य गर्ने गर्न लगाउने व्यक्तिबाट दफा ८ बमोजिमको सेवा शुल्कको दोब्बर रकम असुल उपर गरिनेछ।

१०. निवेदन दिनुपर्नेः- एम्बुलेन्स सेवा प्राप्त गर्न चाहने विरामी वा निजको परिवारको सदस्य वा शुभचिन्तकले आफ्नो परिचय खुल्ने कागजात सहित अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

११. आपत्कालिन अवस्थामा मात्र सेवा माग गर्नु पर्नेः- एम्बुलेन्स सेवा प्राप्त गर्न आपत्कालिन अवस्था पहिचान हुनुपर्नेछ। अन्यथा सचालक समितिले सेवा दिन बाध्य हुनेछैन।

१२. प्रोत्साहन भत्ताः- सवारी चालकलाई विरगंज कलैया तथा पालिकाभित्र बाहेकको ठाउँमा एम्बुलेन्स लगेमा प्रति दिन रु १००० बरावरको खाजा र खानाको लागी प्रोत्साहन भत्ता प्रदान गरिनेछ। तर पालिका भित्र यो व्यवस्था लागु हुने छैन। प्रोत्साहन भत्ता भुक्तानी लिँदा चालकले मासिक लगवुक र स्वास्थ्य शाखावाट प्रमाणित नगदी रसिद पेश गर्नुपर्नेछ।

१३. स्वास्थ्य कार्यकर्ता राख्न सकिनेः- कुनै विरामीको अवस्था गम्भिर रहेको देखिएमा त्यस्तो व्यक्तिलाई अक्सिजन तथा अन्य आवश्यक औषधी सहित स्वास्थ्य कार्यकर्ता समेत खटाईन सकिनेछ। यसो गर्दा स्वास्थ्य कार्यकर्ताको लागि भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको खर्च दिन सकिनेछ।

१४. जवाफदेहिताः- विरामी ओसार पसार गर्ने क्रममा बाटोमै विरामीको मृत्यु भएमा चालक तथा गाउँपालिका जिम्मेवार हुनेछैन।

१३. कवुलियतनामा गर्नु पर्नेः- एम्बुलेन्स सेवा लिनु अघि विरामी निजको आफन्त/परिवारको सदस्यमध्ये कुनै एकले अनुसुची-२ बमोजिम कबुलियतनामा गर्नुपर्नेछ। तर परिवारका सदस्य विरामीको साथमा रहेको अवस्थामा कवुलियतनामा गर्नुपर्ने छैन।

१४. प्राविधिक गडबडीका कारण सेवामा अवरुद्ध हुन सक्नेः- एम्बुलेन्समा हुने प्राविधिक गडबडीका कारण तोकिएको स्थानसम्म पुऱ्याउन नसकिएमा सो को जानकारी चालकले तत्काल विरामी र निजको परिवारको सदस्यलाई दिनु पर्नेछ। यसको लागि बैकल्पिक व्यवस्था विरामीको आफन्त तथा परिवारले मिलाउनु पर्नेछ। वैकल्पीक व्यवस्था गर्ने जिम्मेवारी चालकको समेत रहनेछ।

१५. प्राथमिकता निर्धारण सम्वन्धमाः-

(१) एकै समयमा एम्वुलेन्स सेवा माग गरी दुइ वा सो भन्दा वढी विरामीहरुले निवेदन दिएको खण्डमा निजहरुको गम्भीर्यता हेरी प्राथमिकिकरण गर्नुपर्नेछ। तर स्थान पर्याप्त हुने अवस्थामा एकै पटकमा दुइ जना सम्म विरामीलाई सेवादिन सकिने छ।

(२) उपदफा (१) बमोजिमको सेवा दिदा दुईवटा विरामीहरु बिच सर्ने प्रकृतिका रोगहरु भए शुरुमा आउनेलाई सेवादिई अर्कोलाई ईन्कार गर्न सक्नेछ।

१६. स्वास्थ्य संस्थाको सिफारिस चाहिनेः- एम्बुलेन्स सेवा प्राप्त गर्न चाहने व्यक्तिले निजको गम्भीर्यताको अवस्था खुल्ने सम्बन्धित स्वास्थ्य संस्थाबाट लेखिएको सिफारिस समेत पेश गर्नुपर्दछ।

१७. कार्यविधिको संशोधनः- यो कार्यविधिलाई समय सान्दर्भिक र व्यवहारिक बनाउन प्रचलित कानुनको विपरित नहुने गरी कार्यपालिकाले सशोधन गर्न सक्नेछ।

अनुसुची १

एम्बुलेन्स सेवा प्रगोग कर्ताले माग गर्ने निवेदनको ढाँचा

मितिः-.....

श्रीमान अध्यक्ष ज्यू
एम्बुलेन्स सेवा सचालक समिति,
परवानीपुर गाउँपालिका सिमा, जाजरकोट ।

बिषय : एम्बुलेन्स सेवा पाऊँ।

महोदय,

म विरामीको आफन्त परिवारजन / शुभचिन्तक श्री.....लाई उपचार को क्रममा आपत्कालिन अवस्था परेकोले परवानीपुर गाउँपालिकाद्धारा संचालित एम्बुलेन्स सेवा उपलब्ध गराई पाऊँ।

नाम, थरः-
लिङ्गः-
ठेगानाः-
सम्पर्क नं.-
डक्टरको सिफारिसः-
विरामीको रोगः-
अभिभावकको सम्पर्क नम्बरः-
अक्सिजन चाहिने / नचाहिने :-

औषधी सेवन गरिरहेको भए कुन औषधी सेवन गरेको हो.....

अनुसूची- २

मेरो आफन्त..... नाता पर्ने.....लाई..... स्थानबाट.....स्थानसम्म बिरामी लैजानका लागि परवानीपुर गाउँपालिकाद्वारा प्रदान गरिने एम्बुलेन्स सेवा प्राप्त गर्न एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९ को शर्त तथा बन्देजहरु पालना गर्न मञ्जुर छु। बिरामीलाई ओसार पसार गर्ने क्रममा बाटोमा आपतकालीन अवस्था आई भवितव्यमा परी सेवा प्रदान गर्न नसकिने अवस्थामा भएको क्षतिको कुनै दाबी विरोध गर्ने छैन। बिरामीको बाटैमा मृत्यु भएमा गाउँपालिका तथा चालकलाई दोष नदिई म स्वयं जिम्मेवार रहने गरी यो कवुलियतनामा गरि दियौ।

कबुलियतनामा गर्नेको :
नामः-
ठेगानाः-
दस्तखतः-
मितिः-

औठाको छाप	

कार्यापलिकाबाट स्वीकृत मितिः-२०८०/०१/१४ गते
प्रमाणिकरण मितिः- २०८०/०१/१५ गते

आज्ञाले
मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत